विविधतायुक्त शहर, समुन्नत एवं समृद्ध व्यास नगर

# व्यास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
# दमौली, तनहुं, ४ नम्बर प्रदेश

## एकिकृत पर्यटन गुरु योजना तयार गर्ने कार्यका लागि परामर्शदाता छनौट गर्ने सम्बन्धी शिलबन्दी आशयपत्र मागको सूचना

यस व्यास नगरपालिकाले नगरपालिकाको सम्पूर्ण क्षेत्र तथा आसपासका नगरपालिका र गाउँपालिकाहरु भानु नगरपालिका, भिमाद नगरपालिका, शुक्लागण्डकी नगरपालिका, बन्दीपूर गाउँपालिका, आँबुखैरेनी गाउँपालिका, देवघाट गाउँपालिका, रिसिङ्ग गाउँपालिका, म्याग्दे गाउँपालिका लगायतका स्थानीय तहहरुमा अवस्थित व्यास पराशर क्षेत्र, छाब्दी वाराही, छाङ्गा वाराही, ढोरवाराह, दगाम, गलेखाम, भुजीकोट डाँडा, मानुङकोट, तनहुंशुर, देवघाटधाम, अकला मन्दिर, भानुघाँसी पार्क, आँधीमुल, सितल गुफा, अनन्त गुफा, विरेन्द्र गुफा, भानु जन्मस्थल र छिम्केश्वरी डाँडा मिर्लुङ्गकोट, दुबुङ्ग जस्ता अन्य अति महत्वपूर्ण क्षेत्र समेत समेट्ने गरी तयार गर्न लागेको एकीकृत गुरुयोजनाको लागि खुला प्रतिस्पर्धाद्वारा परामर्शदाता छनौट गर्नुपर्ने भएकोले ईच्छुक योग्य परामर्शदाता कम्पनी तथा फर्महरुबाट निम्न शर्तहरुको अधिनमा रही प्राविधिक प्रस्ताव र आर्थिक प्रस्तावको अलग अलग आसय पत्र मागको सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१. सिलबन्दी आशयपत्रका साथ सम्बन्धित निकायमा कम्पनी वा फर्म दर्ता गरेको प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि लगायत नियमानुसारका अन्य आवश्यक प्रमाणपत्रहरुका प्रतिलिपि समेत संलग्न राखी पेश गर्नुपर्नेछ ।

२. परामर्शदाता कम्पनी तथा फर्महरुले आफ्नो आसय पत्र सिलबन्दी गरी मिति २०७४ जेठ ८ गते दिनको १२ बजेसम्म व्यास नगरपालिका कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ । रितपुर्वक प्राप्त हुन आएका प्राविधिक प्रस्ताव सम्बन्धी आसयपत्रहरु सोही दिन दिनको २ बजे विभिन्न कार्यालयहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ । उल्लेखित मितिमा सार्वजनिक बिदा पर्न गएमा त्यो मिति पछि लगत्तै कार्यालय खुल्ने दिनको सोही समय तालिका अनुसार नै दर्ता गर्ने र खोल्ने कार्य गरिनेछ ।

३. एकिकृत पर्यटन गुरुयोजना निर्माण गर्दा श्रोत नक्शा तयार गरी सोही आधारमा गुरु योजना तयार गर्नुपर्ने छ ।

४. गुरु योजना तयार गर्दा विशेष गरी व्यास नगरपालिका स्थित व्यास परासर क्षेत्रको पौराणिक आधार सहित धार्मिक क्षेत्रको सुन्दर नमूना प्रस्तुत होस् । त्यसैगरी साहित्यिक पर्यटन क्षेत्रको प्रमुख केन्द्रको रुपमा रहेको भानु नगरपालिका स्थित चुंदी रम्घा क्षेत्र भानुभक्तको जन्मस्थल रहेको रम्घा डाँडो पुरै ओगटेर त्यहाँ वारकोपार सप्तधाम बिचमा नेपाल आमा भवन जसमा सम्पूर्ण नेपाली जनजाती र संस्कृती मुखरित होस् र भानुघाँसी पार्क स्थित (व्यास १२) घाँसीद्वारा निर्मित पौराणिक कुवाको संरक्षण, सम्वर्द्धन र उपयोगको लागि उपयुक्त योजना समावेश हुनुपर्नेछ । साथै ऐतिहाँसिक पर्यटन केन्द्रको रुपमा रहेको व्यास नगरपालिका वडा नं.११ अन्तरगर्त तनहुसुर क्षेत्रमा सेन वंशीय राज्यको दरबार र त्यस वरपरको ऐतिहासिकता प्रकट हुने संरचना अंकित गर्दै माथि उल्लेखित सबै स्थानहरुको भौतिक विकास योजना (PDP) समेत गुरुयोजना समाबेश गर्नुपर्नेछ ।

५. एकीकृत गुरुयोजना तयार गर्दा धार्मिक पर्यटन, साहित्यिक पर्यटन, ऐतिहाँसिक पर्यटन, सांस्कृतिक पर्यटन, प्राकृतिक पर्यटन, कृषि तथा खेल लगायतका अन्य पर्यटन क्षेत्रका सम्भावना बोकेका विविध विषयहरुसंग सम्बन्धित पर्यटनजन्य सम्भावनाहरुको खोजी गरी स्पष्ट ढाँचामा एकिकृत गुरुयोजना तयार गर्नुपर्नेछ ।

६. आसय पत्रका साथ अन्य निम्नानुसारका कागजातहरु संलग्न गर्नुपर्नेछः
   क) पर्यटन विकास तथा गुरुयोजना सम्बन्धित प्रमाणित सामाग्रीको विवरण
   ख) परामर्शदाताले विगत पाँच बर्षसम्म गरेका कामहरुको विवरण
   ग) TOR मा उल्लेख भएका आवश्यक जनशक्तिहरुको विवरण

७. तोकिएको समय अवधिभित्र कार्यालय समयमा प्राप्त हुन नआएका तथा रित पुरा नगरी प्राप्त हुन आएका आसय पत्र उपर कुनै कारवाही हुनेछैन ।

८. आसयपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार व्यास नगरपालिकामा सुरक्षित रहने छ ।

९. आसय पत्रका साथ आफ्ना अनुभवका प्रमाणपत्र, सवल प्राविधिक पक्षहरुको विवरण तथा अन्य यस संग सम्बन्धित विवरण र व्यहोराहरु स्पष्ट रुपमा खुलाई आसय पत्र दर्ता गर्नुपर्नेछ ।

१०. प्राविधिक रुपमा योग्य ठहरिने परामर्शदाता, कम्पनी तथा फर्महरुको आर्थिक प्रस्ताव मात्र नियमानुसार खोली प्रतिस्पर्धामा सामेल गराइनेछ ।

११. अन्य सम्पूर्ण कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

१२. यस सम्बन्धी TOR यस नगरपालिकाको वेवसाइटमा राखिनुका साथै अन्य केही कुराहरु बुझ्नु परेमा कार्यालय समय भित्र ०६५-५६०२२३ र ०६५-५६११६९ मा सम्पर्क गर्न सकिनेछ ।